स्थानीय सरकार
# बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☏ ९८५५०३०५६१
☏ ९८५५०७२०७२

पत्र सङ्ख्याः २०८१/८२
चलानी नं.: १०११

मितिः२०८१/०८/२५
ने.स. ११४५ थिँलाथ्व १० मङ्गलवार

विषयः **स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिता सम्बन्धमा।**

**श्री आधारभूत तह (कक्षा ०-८) तथा माध्यमिक तह (कक्षा ०-१०/०-१२) सञ्चालित विद्यालयहरु,**

प्रस्तुत विषयमा यस बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानको अध्यक्षतामा पालिका अन्तर्गतका आधारभूत तह (कक्षा ०-८) तथा माध्यमिक तह (कक्षा ०-१०/०-१२) सञ्चालित विद्यालयका प्रधानाध्यापकहरु तथा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको २०८१ मङ्सिर २४ गते बसेको संयुक्त बैठकको निर्णयानुसार गाउँपालिकाको वार्षिक शैक्षिक क्यालेण्डर वमोजिम **"स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता-२०८१"** तपसिलको मिति, स्थान र समयमा सञ्चालन गर्ने निर्णय भएकोले उक्त प्रतियोगितामा आधारभूत विद्यालयहरुले माध्यमिक विद्यालयहरुको नेतृत्वमा वा छुट्टाछुट्टै रुपमा खेलाडीहरु सहभागी गराइ दिनुहुन हार्दिक अनुरोध गरिन्छ। साथै प्रतियोगिताको उद्घाटन कार्यक्रममा मार्च पास, पीटी प्रदर्शन गराइ दिनु भइ कार्यक्रमको आकर्षण वढाइ दिनुहुन समेत अनुरोध गरिन्छ। यसै पत्रका साथ प्रतियोगिता सम्बन्धी थप जानकारी र खेलाडी फारम समेत संलग्न गरिएको व्यहोरा अनुरोध छ।

**स्थानीय तहस्तरीय छनोट प्रतियोगिताः**
मितिः २०८१ पुष ७,८ र ९ गतेसम्म
स्थानः सहिद स्मृति रङ्गशाला, बागमती-०४, झुरझुरे, मकवानपुर
सुरु हुने समयः विहान ९:०० बजे देखि
सम्पर्क मितिः २०८१ पुष ०३ गतेभित्र
सम्पर्क नं.: संयोजक- रहर सिं थिङ, ९८४५९७७८९३, सचिव- अत्तरमान थोकर, ९८४९६८२९८२,

**पुनश्चः**
१) सहभागी खेलाडीको नाम, कक्षा, सहभागी हुने खेल विधा विद्यालयको लेटरप्याडमा लेखेर अनिवार्य रुपमा आयोजकलाई पेस गरिएको हुनु पर्ने छ।
२) सहभागी हुने खेलाडीको फारम तोकिएको ढाँचामा अनिवार्य रुपमा भर्नु पर्ने छ। कक्षा ६ देखि १२ सम्म नियमित अध्ययनरत १८ वर्ष भन्दा मुनिका विद्यार्थीले मात्र सहभागी हुन पाउने छन् । अन्य खेलाडी सहभागी भएमा खेलाडीको पदक खोसिनेछ भने विद्यालयले अर्को वर्षको प्रतियोगितामा सहभागी हुन पाउने छैन र यस कुरालाई सञ्चार माध्यमबाट सार्वजनिक गरिनेछ।

झक्क नारायण घलान
नि.प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

"राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद, सबैका लागि खेलकुद"

# स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता
# व्यवस्थापन तथा निर्देशन समिति

बागमती गाउँपालिका, झुरझुरे, मकवानपुर

## स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागीताको फारम

खेलाडीको फोटोमा विद्यालयले प्रमाणित गर्नु पर्ने छ। (फोटो प्रति २)

**१. सहभागी विद्यार्थीको नाम, थरः**

**२ विद्यालयको नाम र ठेगानाः**

**३. अध्ययनरत कक्षाः** **IEMIS को रजिष्ट्रेसन नंः**

**४. जन्म मिति :**

**५. सहभागी हुने खेलः**

**६. सहभागी हुने विद्यार्थीको हस्ताक्षरः**

(राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देकि, २०७० (पाँचौ संशोधन) को दफा २(ञ) बमोजिमका खेलाडीहरु खेलमा सहभागी हुन पाउने छन्)

**स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा समावेश गरिएका खेलहरु :**

१. भलिबल छात्र/छात्रा

२. कवड्डी छात्र/छात्रा

३. एथ्लेटिक्स : क) ख)

४. मार्सल आर्ट : क) ख)

उल्लेखित व्यहोरा ठीक सांचो हो भनी प्रमाणित गर्ने ।

प्रधानाध्यापकको नामः

हस्ताक्षरः

सम्पर्क न.: विद्यालयको छापः

(नोटः स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका लागि फारम अनिवार्य गरिएको छ। फारम तोकिएको मितिमा आयोजक समिति समक्ष आइसक्नु पर्नेछ। कक्षा ६ देखि १२ सम्म नियमित अध्ययन गरेका १८ वर्ष मुनिका विद्यार्थीले मात्र महभागी हुन पाउने छन्। अन्यथा खेलाडी महभागी भएमा खेलाडीको पदक खोसिने छ भने विद्यालयले अर्को वर्षको प्रतियेगितामा सहभागी हुन पाउने छैन र यस कुरालाई सञ्चार माध्यममा सार्वजनिक गरिनेछ ।)

Website: www.bagmatimunmakawanpur.gov.np Email: bagmatimun.makwanpur@gmail.com

Scanned with CamScanner

"राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद, सबैका लागि खेलकुद"

# स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता

## व्यवस्थापन तथा निर्देशन समिति

बागमती गाउँपालिका, झुरझुरे, मकवानपुर

## स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका सम्बन्धी जानकारीः

१) स्थानीय तहस्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले तोकिएको ढाँचामा फारम खेलाडी विद्यार्थीबाट भराई तोकिएको समयमा प्रधानाध्यापकबाट प्रमाणित गरी आयोजक समक्ष दर्ता गराइ सक्नु पर्नेछ। अन्यथा विद्यालयले सुविधा दाबी गर्न सक्ने छैन ।

२) स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी हुनका लागि सहभागी खेलाडीहरुले फारम सँग जन्मदर्ताको प्रमाण-पत्रको छायाँ प्रति अनिवार्य रुपमा पेस गर्नु पर्नेछ।

३) विद्यालयले आयोजकले तोकिए बमोमिमको ढाँचामा सहभागी खेलाडीहरुको समष्टिगत विवरणको फारम समयमा नै प्रधानाध्यापकबाट प्रमाणित गरी आयोजकलाई उपलब्ध गराउनु पर्ने छ।

४) प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्ट्सहरु राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देकिा, २०७० (पाँचौ संशोधन) को अनुसूची-४ बमोजिम हुनेछन् ।

५) भलिबल र कबड्डीको प्रत्येक टीममा बढीमा ९/९ जना खेलाडी हुनु पर्ने छ। (छात्र/छात्रा)

६) सहभागी विद्यालयवाट एथ्लेटिक्स तर्फ एक इभेन्टमा दुई जनासम्म खेलाडी सहभागी हुन सक्नेछन् र एक खेलाडीले एक ट्रयाक दुई फिल्ड र दुई ट्रयाक एक फिल्डमा भाग लिन पाउनेछन्।

७) टीम गेममा एउटा खेलाडी एक खेलमा मात्र सहभागी हुन पाउने छन्। (भलिवल र कबड्डी अलग अलग खेलाडीको टीम हुनु पर्नेछ।)

८) खेलाडीहरुको खानपान, बसोवास, यातायात तथा अन्य आवश्यक व्यवस्था सहभागी विद्यालय स्वयमले गर्नु पर्नेछ।

९) प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने विद्यालयलाई नगद सहित शिल्ड, पदक र प्रमाणपत्र प्रदान गरिनेछ।

१०) उत्कृष्ट छात्रछात्रा खेलाडीहरुले ट्रफी र पदक प्राप्त गर्नेछन्।

११) सहभागी विद्यार्थी सङ्ख्या र इभेन्ट खुलाएर तोकिएको मितिभित्र आयोजक समितिमा जानकारी दिनु पर्ने छ। खेल सुरु हुनु भन्दा ३० मिनेट पहिलानै तोकिएको ग्राउण्डमा खेलाडी उपस्थिति भई सक्नु पर्ने छ। अन्यथा त्यस इभेन्टमा सहभागी हुन पाउने छैन।

१२) प्रतियोगितामा समावेश खेल/इभेन्ट्स सञ्चालनको क्रममा उक्त खेल वा इभेन्ट्सको निर्णय माथि चित्त नबुझेमा सो खेल सम्पन भएको ३० मिनेटभित्र आवश्यक प्रमाण जुटाई जुरी समक्ष आयोजक समितिले तोकिएको दस्तुर सहित राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देकिा, २०७० (पाँचौ संशोधन) को अनुसूची-९ को ढाँचामा उजुरी दिन सकिनेछ। उजुरी ठहर भएमा मात्र धरौटी फिर्ता हुनेछ।

१३) सहभागी विद्यार्थी खेलाडीले अनिवार्य रुपमा ड्रेसमा खेल खेल्नु पर्नेछ।

१४) भलिबल, कबड्डी र एथ्लेटिक्स खेलका जम्मा प्राप्त अङ्कका आधारमा विजेता विद्यालय घोषित हुनेछन्।

१५) खेल अवधिमा विवाद भएमा आयोजक समितिको निर्णय अन्तिम हुनेछ।

१६) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देकिा, २०७० (पाँचौ संशोधन) मा तोकिए बमोजिमका पदक प्राप्त खेलाडी तथा टीमले मात्र जिल्ला स्तरीय प्रतियोगितामा सहभागी हुन पाउनेछन्।

१७) विद्यालयले हाल कक्षा ६ देखि १२ सम्म अध्ययन गरिरहेको विद्यार्थी मात्र सहभागी गराउनु पर्नेछ।

१८) अन्तराष्ट्रिय स्तरको प्रतियोगितामा सहभागिता भइसकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन।

१९) गैर विद्यार्थी तथा १८ वर्ष भन्दा बढी उमेर समूहका विद्यार्थीले यो प्रतियोगितामा भाग लिन पाउने छैन। अन्यथा नियमानुसार कारवाही गरिनेछ।

२०) स्थानीय तहस्तरको प्रतियोगितामा विजेता खेलाडीले जिल्ला स्तरीय प्रतियोगितामा अनिवार्य भाग लिनु पर्नेछ।

२१) सहभागी विद्यालयहरुले मार्च पास/ पीटीमा सहभागिता जनाउनु पर्नेछ ।

Website: www.bagmatimunmakawanpur.gov.np Email: bagmatimun.makwanpur@gmail.com

Scanned with CamScanner

"राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद, सबैका लागि खेलकुद"

# स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता

## व्यवस्थापन तथा निर्देशन समिति

बागमती गाउँपालिका, झुरझुरे, मकवानपुर

**राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश गरिएका खेलहरूको विवरण**

**राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देकिा, २०७० (पाँचौ संशोधन) को अनुसूची-४**

(दफा ९ को उपदफा (४), दफा १२ को उपदफा (४) र दफा १४ को उपदफा (४) सँग सम्वन्धित)

**१. भलिवलः**

छात्रः

छात्राः

**२. कबड्डीः**

छात्रः

छात्राः

**३. एथ्लेटिक्सः**

**क. दौड (ट्रयाक) तर्फः**

**छात्रः** १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४x१०० मि. रिले, ४x४०० मि. रिले ।

**छात्राः** १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४x१०० मि. रिले, ४x४०० मि. रिले ।

**ख. उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फः**

**छात्रः** हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउन्ड ।

**छात्राः** हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटफुट ८ पाउन्ड ।

**४. मार्सल आर्ट तर्फः**

**क. कराँतेः**

**छात्रः** U '४२ केजी, U '४७ केजी, U '५२ केजी, U '५७ केजी, U '६२ केजी, काता (एकल)

**छात्राः** U '४० केजी, U '४५ केजी, U '५० केजी, U '५५ केजी, U '६० केजी, काता (एकल)

**ख. तेक्वान्दोः**

**छात्रः** U '४५ केजी, U '४८ केजी, U '५१ केजी, U '५५ केजी, U '५९ केजी र एकल पुम्से

**छात्राः** U '४२ केजी, U '४४ केजी, U '४६ केजी, U '४९ केजी, U '५२ केजी र एकल पुम्से

**ग. उसु**

**थाओलु तर्फः**

**छात्रः** Chang Quan, Nan Quan, and Taiji Quan

**छात्राः** Chang Quan, Nan Quan, and Taiji Quan

**सान्सौ तर्फः**

**छात्रः** ४२ के.जी. ४५ के.जी. ४८ के.जी.

**छात्राः** ४२ के.जी. ४५ के.जी. ४८ के.जी.

Website: www.bagmatimunmakawanpur.gov.np Email: bagmatimun.makwanpur@gmail.com

Scanned with CamScanner

# बागमती गाउँपालिका

## झुरझुरे, मकवानपुर

## स्थानीय तह राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशक समिति -२०८१

गठन मिति : २०८१ मङ्सिर २४ गते सोमबार

### समिति सदस्यहरुको विवरण

| क्र.सं. | नाम, थर | पद | आवद्ध संस्था/कार्यालयको नाम र ठेगाना | आवद्ध संस्था/ कार्यालयमा रहेको पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री रहर सिं थिङ | संयोजक | बागमती गाउँपालिका खेलकुद विकास समिति, मकवानपुर | अध्यक्ष | ९८४५९७७८९३ | |
| २ | श्री हेमा थिङ | सदस्य | ४ नं. वडा कार्यालय, बागमती गाउँपालिका, मकवानपुर | वडा सदस्य | ९८६५०३७१३७ | |
| ३ | श्री प्रमोद कुमार राई | सदस्य | बागमती गाउँपालिका, मकवानपुर | शि.शा.प्र. | ९८५५०३०५९८ | |
| ४ | श्री राधाकृष्ण कार्की | सदस्य | झुरझुरे प्रहरी चौकी, बागमती गाउँपालिका, मकवानपुर | प्र.स.इ. | ९८६४५१२४३५ | |
| ५ | श्री ......... | सदस्य | (जिल्ला खेलकुद विकास समितिले मनोनित गरे अनुसार) | सदस्य | | |
| ६ | श्री करिना बल | सदस्य | श्री देवकी मावि, बागमती -०५, मकवानपुर | शिक्षक | ९८४५५३७२८१ | |
| ७ | श्री उषा माझी | सदस्य | श्री महाबुद्ध आवि, बागमती -०४, मकवानपुर | शिक्षक | ९८६४५१३५४८ | |
| ८ | श्री दिनेश माझी | सदस्य | श्री जनता मावि, बागमती -०८, मकवानपुर | प्र.अ. | ९८५५०८८१९३ | |
| ९ | श्री पदम बहादुर बडुवाल | सदस्य | श्री पञ्चकन्या आवि, बागमती -०४, मकवानपुर | शिक्षक | ९८६२५२१०२९ | |
| १० | श्री रामलाल थोकर | सदस्य | बागमती गाउँपालिका, मकवानपुर | खेल प्रशिक्षक | ९८४०५४९६७० | |
| ११ | श्री ......... | सदस्य | (जिल्ला खेलकुद विकास समितिले मनोनित गरे अनुसार) | खेल प्रशिक्षक | | |
| १२ | श्री हिरालाल थिङ | सदस्य | बागमती गाउँपालिका, मकवानपुर | खेल प्रशिक्षक | ९८६९६१२१७२ | |
| १३ | श्री अत्तरमान थोकर | सदस्य-सचिव | श्री चौरा आवि, बागमती -०७, मकवानपुर | प्र.अ. | ९८४९६८२९८२ | |

**संरक्षकः श्री सर्केश घलान (अध्यक्ष -बागमती गाउँपालिका, मकवानपुर) -९८५५०७२०७२**

### सल्लाहकार समिति

| क्र.सं. | नाम, थर | पद | आवद्ध संस्था/कार्यालय | आवद्ध संस्था/ कार्यालयमा रहेको पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री वसन्त राई | संयोजक | श्री जनता मावि, बागमती -०८, मकवानपुर | शिक्षक | ९८५५०७३९७० | |
| २ | श्री चन्द्रबहादुर थापा | सदस्य | श्री देवकी मावि, बागमती -०५, मकवानपुर | प्र.अ. | ९८४५६८७९९९ | |
| ३ | श्री बुद्धि प्रसाद रिजाल | सदस्य | श्री बागमती मावि, बागमती -०२, मकवानपुर | प्र.अ. | ९८५२०८२३३० | |
| ४ | श्री दिल बहादुर भोलन | सदस्य | श्री सूर्य मावि, बागमती -०१, मकवानपुर | प्र.अ. | ९८४९२२६६८८ | |
| ५ | श्री हस्त बहादुर राना | सदस्य | श्री बाघ भैरव मावि, बागमती -०९, मकवानपुर | प्र.अ. | ९८४५५०२७६७ | |

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner